किन घटयो पूर्वमा धान रोपाइँ ?

काठमाडौं(रासस)–नेपालको पूर्वी क्षेत्रमा धान रोपाईं गत वर्षको तुलनामा यस वर्ष उल्लेख्य रूपमा घटेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागका अनुसार यही असार २९ गतेसम्म गत वर्षको तुलनामा यस वर्ष कोशी प्रदेशमा २० दशमलव ४ प्रतिशत बिन्दु र मधेस प्रदेशमा २७ दशमलव ७ प्रतिशत बिन्दु कम रोपाईं भएको छ। विभागका अनुसार मुलुकभर धान रोपाईं हुने क्षेत्रफल १३ लाख ८३ हजार ७३२ रहेकामा हालसम्म ५९ प्रतिशत अर्थात् आठ लाख १६ हजार ४०५ दशमलव सात हेक्टरमा रोपाईं सम्पन्न भएको छ। गतवर्ष भने सोही अवधिमा ६७ दशमलव ६ प्रतिशत रोपाईं सम्पन्न भएको थियो। गत वर्षको तुलनामा यस वर्ष आठ दशमलव छ प्रतिशत बिन्दुले रोपाईं कम भएको देखिन्छ। कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले नेपालको पूर्वी क्षेत्रमा धान रोपाईंका लागि सुखद मनसुन नहुँदा रोपाईं कम भएको बताए।

"यसवर्ष कतै मनसुन प्रतिकूल त कतै अनुकूल बन्दा धान रोपाईंको अवस्थामा पनि गत वर्षको तुलनामा कुनै प्रदेशमा कम त कुनै प्रदेशमा बढी रहेको देखिएको छ", उनले भने, "पूर्वी तराईमा मनसुन छिटो सुरु भए पनि वर्षा कम भयो, आकाशे पानी कुरेर बस्नुपर्ने किसानका बाध्यताका कारण रोपाईं कम भएको हो।" विभागका अनुसार असार २९ गतेसम्म सबैभन्दा बढी रोपाईं सुदूरपश्चिम प्रदेशमा र सबैभन्दा कम रोपाईं मधेस प्रदेशमा भएको देखिएको छ। "सामान्यतया सुदूरपश्चिम प्रदेशमा सबैभन्दा छिटो रोपाईं सुरु हुने र मधेसमा ढिला रोपाईं सुरु हुने गर्छ, यस वर्ष पनि मधेसमा कम र सुदूरपश्चिममा बढी रोपाईं भएकोछ", महानिर्देशक सञ्जेलले भने।

कुन प्रदेशमा कति रोपाईं ?

कोशी प्रदेशमा दुई लाख ७६ हजार ३८६ दशमलव ७३ हजार हेक्टरमध्ये हालसम्म ४१ दशमलव ३२ प्रतिशत अर्थात् एक लाख १४ हजार २२१ दशमलव ४ हेक्टरमा रोपाईं भएको छ। प्रदेशमा गतवर्ष सोही अवधिमा ६१ दशमलव ७ प्रतिशत रोपाईं भएको थियो। विभागका अनुसार मधेस प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये हालसम्म ३३ दशमलव ८ प्रतिशत अर्थात् एक लाख २५ हजार ८८८ दशमलव ६ हेक्टरमा रोपाईं भएको छ। गतवर्ष सोही समयमा प्रदेशमा ६१ दशमलव ५ प्रतिशत रोपाईं भइसकेको थियो। बागमती प्रदेशमा एक लाख २० हजार ५४५ हेक्टरमध्ये हालसम्म ९१ हजार ९८३ दशमलव नौ हेक्टर क्षेत्रमा रोपाईं सकिएको छ। जुन ७६ दशमलव ३१ प्रतिशत हो। प्रदेशमा गत वर्ष सोही अवधिमा ७० दशमलव छ प्रतिशत रोपाईं भएको विभागको भनाइ छ।

गण्डकी प्रदेशमा ९४ हजार १८२ हेक्टरमध्ये हालसम्म ६६ दशमलव ९९ प्रतिशत अर्थात् ६३ हजार ९१ हेक्टर क्षेत्रमा रोपाईं भइसकेको छ। प्रदेशमा गत वर्षको सोही अवधिमा ६७ दशमलव ४ प्रतिशत रोपाईं भएको थियो। लुम्बिनी प्रदेशमा हालसम्म ७३ दशमलव ७ प्रतिशत रोपाईं सम्पन्न भएको छ। प्रदेशमा तीन लाख दुई हजार ९३९ हेक्टरमध्ये हालसम्म दुई लाख २३ हजार २१२ हेक्टरमा रोपाईं भएको हो। प्रदेशमा गतवर्षको यही समयसम्म ६६ दशमलव ७ प्रतिशत रोपाईं भएको थियो। कर्णाली प्रदेशमा ४० हजार ८८४ हेक्टरमध्ये हालसम्म ८३ दशमलव २३ प्रतिशत अर्थात् ३४ हजार २५ दशमलव ९ हेक्टरमा रोपाईं सम्पन्न भएको हो। प्रदेशमा गतवर्षको समयसम्म ८६ दशमलव २ प्रतिशत रोपाईं भएको थियो। विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा असार २९ गतेसम्म ९३ दशमलव एक प्रतिशत रोपाईं पुरा भएको छ। प्रदेशमा एक लाख ७६ हजार १५१ हेक्टरमध्ये हालसम्म एक लाख ६३ हजार ९९३ हेक्टरमा रोपाईं सम्पन्न भएको हो। प्रदेशमा गतवर्ष यही अवधिसम्म ८६ प्रतिशत रोपाईं भएको थियो। कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत धान रोपाईं मनसुनी वर्षाकै भरमा सम्पन्न हुने गरेका छन्।

पूर्वमा औसतभन्दा कम वर्षा

जल तथा मौसम विज्ञान विभागअन्तर्गत हावापानी विज्ञान महाशाखा(हावापानी विश्लेषण शाखा)का अनुसार मनसुन अवधिमा मुलुकभर १४ सय मिलिमिटर सरदर वर्षा हुने गरेकोमा हालसम्म करिब चार सय मिलिमिटर अर्थात मनसुन अवधिमा हुने वर्षाको २७ प्रतिशत वर्षा भएको छ। विभागको जनकपुर, सिमरा, विराटनगरलगायत वर्षा मापन केन्द्रको तथ्याङ्क हेर्दा यी मापन केन्द्रहरूमा औसतभन्दा कम वर्षा भएको छ। "जनकपुरमा यस मनसुन सुरु भएयता ११ प्रतिशत र अर्थात् १०० मिलिमिटर वर्षा भएको छ। जनकपुरमा मनसुन अवधिमा औसत ११ सय मिलिमिटर वर्षा हुनुपर्ने तथ्याङ्क छ", विभागले भनेका छ, "यसैगरी विराटनगरमा १५ प्रतिशत अर्थात् एक सय ५० मिलिमिटर वर्षा भएको छ। मनसुन अवधिभर यस क्षेत्र १४ सय मिलिमिटर वर्षा हुने गर्छ। यी क्षेत्रमा औसतभन्दा कम वर्षा भएको छ।"पोखरामा अहिलेसम्म २२ प्रतिशत अर्थात् छ सय मिलिमिटर वर्षा भयो। मनसुन अवधिभर यस क्षेत्रमा तीन हजार मिलिमिटर वर्षा हुने गरेको छ। धनगढीमा ३५ प्रतिशत वर्षा भएको देखिन्छ। धनगढी, सुर्खेत, भैरहवा, लुम्ले, जुम्ला, डाडु, काठमाडौंमा औसत वर्षा भइसकेको छ।

पूर्वतिर वर्षाको गतिविधि बढ्दैछ: मौसमविद्

विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाका मौसमविद डेविड ढकालले न्यून चापीय रेखा सरदर स्थान आसपासमा रहेका कारण पूर्वमा कम वर्षा भएको बताए। "यसवर्ष पूर्वी क्षेत्रमा गत वर्षको तुलनामा कम वर्षा भएको छ। सरदरभन्दा कम वर्षा भएका कारण पनि रोपाईं कम भएको हो", उनले भने, "तर अब पूर्वतिर वर्षा गतिविधि बढ्दैछ।" जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले जलवायु परिवर्तनका कारण कहिले कम वर्षा, कहिले भारी र कहिले अति भारी वर्षा हुने तथा मनसुन छिटो सुरु भए पनि सक्रिय हुननसक्ने जस्ता परिवर्तन देखिँदै गएको बताए। "अहिले पूर्वी क्षेत्रमा कम वर्षा हुँदा धान रोपाईंमा असर परेको छ, अब सिंचाइ सुविधा पुऱ्याउनुपर्ने तथा जलवायुमैत्री कृषि प्रणाली अपनाउनुपर्ने आवश्यकता छ", उनले भने। यस वर्ष नेपालमा मनसुन सरदरभन्दा १५ दिनअघि जेठ १५ गते पूर्वी नेपालबाट प्रवेश गरी असार ६ गते देशभर फैलिएको थियो। सामान्यतया जुनदेखि सेप्टेम्बरसम्मको चार महिनालाई मनसुन ऋतु भनिन्छ।

नेप्से परिसूचक ३५ अंकले घटयो

काठमाडौं(जस)–नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ। सोमबार नेप्से परिसूचक ३५ दशमलव ०९ अङ्कले घटेर दुई हजार ७२५ दशमलव ७१ को बिन्दुमा कायम भएको हो। यो एक दशमलव २७ प्रतिशतको गिरावट हो। सोमबार ३२१ कम्पनीको दुई करोड ११ लाख दुई हजार ५४० कित्ता शेयर ७२ हजार ६०१ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब १७ करोड २१ लाख ४३ हजार ३२६ बराबरको कारोबार भएको छ।

सोमबारको कारोबारमा जलविद्युत् समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै बैङ्किङ समूह दुई दशमलव ४६ प्रतिशतले बढेको छ। त्यस्तै, विकास बैङ्क एक दशमलव ४८, वित्त एक दशमलव १३, होटल तथा पर्यटन शून्य दशमलव २५, लगानी एक दशमलव २५, जीवन बीमा एक दशमलव ३६ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ७८ प्रतिशतले घटेको छ।

त्यस्तै, लघुवित्त एक दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव १७, निर्जीवन बीमा एक दशमलव ०५, व्यापार शून्य दशमलव ६४ र अन्य समूह एक दशमलव २४ प्रतिशतले घटेको छ। माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सोमबार सबैभन्दा धेरै पाँच दशमलव ९० प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ४६ प्रतिशतले घटेको छ।

गत महिना चीनको अमेरिकातर्फको निर्यात पूर्वानुमानभन्दा बढी

बेइजिङ(रासस/एएफपी): वासिङ्टन र बेइजिङले एकअर्कामाथिको कर घटाउने सम्भावित सम्झौतामा सहमति जनाएपछि चीनको निर्यात जुनमा अपेक्षा गरिएभन्दा बढेको चीनको सरकारी तथ्याङ्ले सोमबार देखाएको छ। चीनको सामान्य कर प्रशासनको तथ्याङ्अनुसार निर्यात अघिल्लो वर्षको सोही महिनाको तुलनामा ५.८ प्रतिशतले बढेको छ। यो अर्थशास्त्रीहरूले ब्लुमबर्ग सर्वेक्षणमा गरेको पाँच प्रतिशतको पूर्वानुमानभन्दा बढी हो। यो अवधिमा अमेरिकातर्फको आयात ११ प्रतिशतले बढेको छ जुन अघिल्लो वर्षको जुन महिनाको भन्दा ०.३ प्रतिशतले बढी हो र यो वर्ष देखिएको पहिलो वृद्धि हो।

पछिल्लो समय सुस्त बनेको चिनियाँ अर्थतन्त्रको लागि सुधारको आधारबिन्दु मानिएको चीनको निर्यात सन् २०२४ देखिको सबैभन्दा उच्च बिन्दुमा पुगेको छ। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको व्यापक करवृद्धिका कारण संयुक्त राज्य अमेरिकासँगको व्यापार युद्धका कारण गतिविधि वृद्धिलाई निरन्तरता दिने बेइजिङको प्रयास प्रभावित भएको छ, यद्यपि गत महिना लण्डनमा भएको वार्तामा दुई देशबीचको विवादलाई कम गरिएको थियो।

सोमबारको भन्सार तथ्याङ्कअनुसार जुन महिनामा संयुक्त राज्य अमेरिकामा चिनियाँ निर्यातमा ३२.४ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो महिना घटेको थियो। क्यापिटल इकोनोमिक्सका चिनियाँ अर्थशास्त्री जिचुन हुआडले भने, "अमेरिका र चीनबीचको व्यापार युद्धविरामका कारण गत महिना निर्यात मूल्यमा केही सुधार आएको छ।"हुवाङले भने, "चीनबाट अमेरिकामा हुने आयात कर उच्च रहने सम्भावना छ। चिनियाँ निर्माताहरूले मूल्य घटाएर विश्वव्यापी बजार हिस्सा दुत रूपमा विस्तार गर्ने उनीहरूको क्षमतामा बढ्दो अवरोधहरूको सामना गरिरहेका छन्। त्यसैले आगामी त्रैमासिकमा निर्यात वृद्धि दर सुस्त हुने र यसले आर्थिक वृद्धिमा असर पार्ने अपेक्षा गरेका छौं।"

पिनप्वाइन्ट एसेट म्यानेजमेन्ट'का अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेई झाङले चिनियाँ कम्पनीहरूले अझै पनि संयुक्त राज्य अमेरिकामा निर्यातलाई 'फ्रन्टलोडिङ' गरिरहेको देखाएको बताए। निर्यातको बलियो आँकडाले 'कमजोर घरेलु मागलाई आशिक रूपमा पूर्ति गर्न महत गर्दछ र सम्भवतः दोस्रो त्रैमासिकमा जिडिपी वृद्धिलाई पाँच प्रतिशतको सरकारको लक्ष्यको बरिपरि राख्न सक्छ," झाङले भने। उनले भने, "संयुक्त राज्य अमेरिकामा निर्यातको गतिविधि कहिलेकाहीं फिक्का हुनेहुँदा वर्षको उत्तरार्धको लागि दृष्टिकोण अस्पष्ट छ।" भन्सार अधिकारी वाङ लिङ्जुनले सोमबार आयोजित पत्रकार सम्मेलनमा भने, "अमेरिकाले चीनसँग पनि यही दिशामा मिलेर काम गरिरहने छ भन्ने बेइजिङले आशा गरेको छ।" वाङले भने, "करवृद्धिको युद्धविराम 'कठिन जीत' थियो।" "धम्काएर वा जबर्जस्ती गरेर बाहिर निस्कने कुनै उपाय छैना संवाद र सहकार्य नै सही बाटो हो," उनले भने।

पर्यटक लोभ्याइरहने घान्द्रुक, गुरुङ समुदायको जीवन्त सङ्ग्रहालय

-जमुना वर्षा शर्मा

पोखरा-जब प्रकृति, संस्कृति र आतिथ्यता एकै ठाउँमा भेटिन्छन्, त्यहाँ पुग्ने पर्यटकले पनि अलौकिक आनन्दको अनुभूति गर्छन्। कास्कीको अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक पनि यस्तै प्रकृति, संस्कृति र आतिथ्यताको संगम हो भन्दा फरक पर्दैन। यहाँको मौलिक संस्कृति र यहाँबाट देखिने हिमश्रृङ्खलाका सुन्दर दृश्यले पर्यटकलाई लोभ्याइरहेको छ। पर्यटन राजधानी पोखराबाट करिब ६० किलोमिटरको दुरी र अन्नपूर्ण हिमालको काखमा लुट्पुटिएको घान्द्रुक पर्यटकीय गाउँ मात्रै होइन, गुरुङ जातिको जीवन्त सङ्ग्रहालय पनि हो। जहाँ ढुङ्गाले छाएका घरहरू, सफा र चिटिक्क परेका गल्लीहरू, हँसिला अनुहार र मुस्कुराइरहेका हिमालले घान्द्रुकलाई जीवन्त बनाएका छन्। काठमाडौंबाट घुम्न आएका शिक्षक छँब थापाले आँखै अगाडिको सुन्दर हिमाल र गुरुङ समुदायको आतिथ्यताबाट आफू निकै प्रभावित भएको बताए। "वर्खायाम घुम्नका लागि उपयुक्त होइन भन्दाभन्दै पनि हामी घान्द्रुक आइपुगेका थियौं, यहाँ आइसकेपछिको आनन्द बेल्ले पायौं, बादलको घुम्टोभित्र लुकेको हिमालसँगै स्थानीयको आत्मियताले हामीलाई लोभ्यायो", उनले भने।

पतिसँगै घुम्न आएकी बेसीसहरकी अनुजा न्यौपानेले यहाँको शान्त वातावरण र सुन्दर हिमालका दृश्यले यहाँ आइपुग्दाको थकान मेटाईदिएको अनुभव सुनाइन। "घान्द्रुकका बारेमा जति सुनिएको थियो, त्योभन्दा धेरै पाएँ, यहाँको सुन्दरता र आतिथ्यता सधैभरी सम्झनामा रहनेछ", उनले भनिन। पर्यटन प्रवर्द्धनको कार्यक्रम लिएर घान्द्रुक आइपुग्नुभएका गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकीका पूर्वअध्यक्ष नवराज अधिकारीले घान्द्रुक गुरुङ समुदायको जीवन्त संस्कृति र परम्परा धानेको गाउँ भएको बताए। "घान्द्रुक गुरुङ संस्कृतिको एउटा धरोहर हो, यहाँका घरहरूको वास्तुकला अद्वितीय छ, ढुङ्गाले बनेका र स्लेटले छाएका परम्परागत घरहरूले गाउँलाई मौलिक रुप दिएका छन्, सफा र चिटिक्क परेका ढुङ्गे गल्लीहरूमा हिँड्दा बेस्मै आभास हुन्छ।" पूर्वअध्यक्ष अधिकारीले गाउँमा निर्माण भएको गुरुङ सङ्ग्रहालयले गुरुङ जातिको परम्परागत जीवनशैली, प्रयोग गर्ने माँडाकुँडा, हतियार र वेशभूषाको जीवन्त प्रदर्शनी गरेको बताए। "हामीले प्रवरद्धन गर्ने भनेको यही मौलिकता र आत्मीयपन हो, जसले पर्यटकलाई पटक-पटक यहाँ आउन प्रेरित गर्छ।"

यहाँका अधिकांश घरबास (होमस्टे) महिलाले सञ्चालन गरेका छन्। यसले महिलालाई आर्थिक सशक्तीकरणमा पनि टेवा पुऱ्याएको पूर्वअध्यक्ष अधिकारीको भनाइ छ। घान्द्रुकमा आशीष होमस्टे सञ्चालन गर्दै आएकी हरिमाया गुरुङले घान्द्रुक आउने पर्यटकका कारण आफूहरू आर्थिक रूपमा आत्मनिर्भर भएको बताउँछिन्। "घान्द्रुक हाम्रो जीवन र पहिचान हो, पाहुनालाई पारिवारिक वातावरणमा सेवा दिइरहेका छौं, त्यसैले उनहरू फर्किफर्कि आउनुहुन्छ", उनले भनिन, "चुल्होचौकोबाट सुरु भएको मेरो यात्रा सोमबार पर्यटन र आत्मनिर्भरताको कथा बनेको छ। हिमाल हेरेर हुर्किएका हामी महिलाहरू, सोमबार आफ्नै खुट्टामा उभिएर संसारलाई स्वागत गरिरहेका छौं।" पछिल्लो समय यहाँका स्थानीयका लागि पर्यटन आयआर्जनको मुख्य स्रोत हो। होटल सञ्चालक विभिमाया गुरुङले भनिन, "होमस्टेमा आउने पाहुनाहरू यहाँको रहनसहन संस्कृति र प्राकृतिक सुन्दरतामा रमाउने गर्छन्, हामीले पनि सकेसम्म राम्रो आतिथ्यता प्रदान गर्दछौं, पाहुनाहरूले विशेष गरी यहाँको सुन्दरता र परिकारमा बढी रमाउनुहुन्छ।"

पछिल्लो समय उनमा नयाँ पुस्ताले होमस्टे एवं होटल सञ्चालनमा चासो नदेखाउँदा घान्द्रुकको मौलिकता र सुन्दरता हराउने हो कि भन्ने चिन्ता छ। "नयाँ पुस्ता गाउँमा दुःख गर्न खोज्दैन, विदेश जाने रहरले गर्दा आफ्नो मौलिक पहिचान बोकेको घान्द्रुकको विशेषता लोप हुने हो कि भन्ने चिन्ता पो लाग्छ मलाइ त", उनले भनिन। अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु केसीले घान्द्रुक पर्यटकीय गाउँ भएकाले यसको विकासका लागि पर्यटन केन्द्रित कार्यक्रममा जोड दिएको बताए। घान्द्रुक देश विदेशका पर्यटकको घुम्न आउने गन्तव्यको रूपमा विकास भएको उनको भनाइ छ। अध्यक्ष केसीले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा पर्यटन विकासका लागि रु २० लाख बजेट विनियोजना गरेको जानकारी दिए। उनका अनुसार यहाँ सञ्चालित अधिकांश होटल र घरबास (होमस्टे) हरूले पर्यटकलाई व्यावसायिक सेवा मात्र नभई पारिवारिक वातावरण प्रदान गर्छन्। यहाँ आउने पर्यटकले विशेष गरी कोदोको हिँडो, गुन्द्रुकको अचार, सिस्नुको तरकारी र लोकल कुखुराको मासु मन पराउने गरेको उनको भनाइ छ।

हिमश्रृङ्खला, चियाबगान, मेश्रमबराहसँगै गाउँमा रहेको पुरानो गुरुङ सङ्ग्रहालय पर्यटकहरूका लागि अर्को आकर्षणको केन्द्र हो, जहाँ गुरुङ जातिको ऐतिहासिक रहनसहन, प्रयोग गरिने सामग्रीहरू र वेशभूषाहरूको अवलोकन गर्न सकिन्छ। साँझपख आमा समूहहरूले प्रस्तुत गर्ने परम्परागत सांस्कृतिक नाच (घाँटु, सोरठी) ले पर्यटकलाई गुरुङ संस्कृतिमा अझ नजिकबाट साक्षात्कार गराउँछ। घान्द्रुकमा प्राकृतिक सुन्दरता मात्र होइन, लोकजीवन, संस्कृति, अर्गानिक कृषि, पारम्परिक खाना, घरपसल र महिलाहरूको आत्मनिर्भरता पनि पर्यटकहरूका लागि आकर्षण बनेको छ। फागुन चैतमा ढकमक्क फुल्ने गुराँसले सौन्दर्य यस गाउँको थप विशेषता हो।

वनफूलले ढोरपाटनमा आकर्षित गर्दै पर्यटक

बागलुङ(जस)–यतिबेला ढोरपाटन उपत्यकामा ढकमक्क फूलेका वनफूलले ढाकिएको छ। राता, पहेंला, बैजनी, गुलाबी रङ्गमा फुलेका फुलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिचेको छ। एक दशक अगाडिसम्म ढोरपाटन घुम्न पुग्ने पर्यटक निकै कम थिए। जनैपूर्णिमामा ढोरबहार मन्दिरमा पूजा गर्न आउने भक्तजनबाहेक अन्य पर्यटक कमै पुग्थे। दर्शनका लागि पुगेको भक्तजनलाई फाँटिभरी फूलेको वनफूलले छुनै सकेको थिएन। तर पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक रङ्गीचङ्गी वनफूलसँग पिरती नगांसी फर्किन्न्। खासगरी वर्खाको समयमा ढोरपाटन बढी रमणीय देखिन्छ। अझ पाटनभरी फूलेका वनफूलले यहाँको सुन्दरतालाई बढाएको छ। सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको प्रचारले वनफुलसँग तस्बिर र भिडियो खिच्न आउने पर्यटक बढी रहेका छन्। यो याममा दैनिक दुई सय बढी पर्यटक वनफूलसँग रमाउन ढोरपाटन उपत्यकामा पुग्ने गरेका छन्।

स्थानीयले राके फूलका रुपमा चिन्ने वनफूललाई ढोरपाटा सिकार आरक्षले नाकेफूली, बुकीफूल, मदानेफूल लगायतको नाम दिएको छ। फूलसँग रमाउने पर्यटकले ढोरपाटन उपत्यकाका फाँटमा चहलपहल बढेको छ। देशका ठूला सहरबाट बढी पर्यटक रमाउन आउने गरेका छन्। फूलसँग रमाउन आउने पर्यटकको सङ्ख्या बढेपछि ढोरपाटन उपत्यकामा सञ्चालित होटल व्यवसायसमेत फस्टाउन थालेका छन्। पहिले ढोरपाटन आउने पर्यटकले खास्सै चासो नदिए पनि हरेक पर्यटकको ध्यान पाटनभरी फूलेका फूलले खिच्ने गरेको होटल व्यवसायी धीरेन्द्र घर्ती मगरले बताए। पछिल्लो समय ढोरपाटनमा घुम्न आउने पर्यटकको सङ्ख्या अत्यधिक बढेको भन्दै फूलसँग रमाउने बढी भएको उनको भनाइ छ। पहिले खान बस्नका लागि सुविधा नहुँदा पर्यटक कम आउने गरेको स्मरण गर्दै अहिले धेरै होटल तथा घरबास (होम-स्टे) सञ्चालनमा आएपछि ढोरपाटन घुम्नेका लागि पहिलो रोजाइ परेको घर्ती मगर बताउँछन्। वनफूललई पर्यटकले अत्यधिक रुचाएपछि त्यसको संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ। घर्ती मगरले भने- "वनफूलको पहिले खास्सै महत्व थिएन, मान्छेहरू मन्दिरमा आएर पूजा गरेर जान्थे तर अहिले पाटननै घुम्ने गरी आउँछन्, त्यसले गर्दा उनीहरूको रोजाई वनफूल परेको छ, वनफूलले पछिल्लो समय हजारौं पर्यटकलाई आकर्षित गरेको छ।

कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौंको
कम्पनी दर्ता खारेजी
सम्बन्धी सूचना

यस कार्यालया मिति २०६५-०७-०७ मा दर्ता भएको प्रा.लि.नं ५६९९० को यन्त्रकला प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८२-०२-११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

भुलसुधारको सुचना

जनबचाव राष्ट्रिय दैनिकको मिति २०८२ असार २० गते प्रकाशित "धौढि इन्टरनेशनल हस्पिटल आयोजनको कार्यान्वयनको लागि सीधित बातावरणीय अध्ययन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमका उपस्थिति हुने बारे सार्वजनिक सुचना" नामक शीर्षक रहेको विज्ञापनको दोश्रो प्यारग्राफको पहिलो लाइनमा "...सहभागिता हुनुपर्नेमा सलिलबस अथवा हुनगएकोले यसै भुलसुधारको सुचनामार्फत् सो विज्ञापनको सबै गर्ने तथा नियम यथावत रहने सरि सम्बाहकोको छ। असुविधाका लागि क्षमायाचना गर्दछौं।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना

तेश्रो पटक प्रकाशित मिति : २०८२/०३/३१

ग्लोबल ड्रीम एजुकेसन एण्ड माइग्रेशन सर्भिसेज प्रा.लि. को मिति **२०७८/११/२५** गते सम्पन्न वार्षिक र विषेश साधारण सभाको निर्णय बमोजिम सार्विक कम्पनीको नामसा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिनु व्यहोनु पर्ने कर, शाश्वित आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरीमा सार्विक नाम परिवर्तन गरी **ग्लोबल सेलेस्ट एजुकेसन एण्ड माइग्रेसन सर्भिसेस प्रा.लि. (प्रा.लि. नं.२८४२९)** कायम गर्ने गरी मिति **२०७८/१२/०७** गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति **२०७५।१।०५** मा दर्ता भएको **प्रा.लि.नं. २३५७१** को **डिमान्ड सुज ईण्डष्ट्रिज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०३।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेश प्रदेश, नेपाल

आय ठेक्का सम्बन्धि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८२।०३।३१ गते, मंगलवार

यस कार्यालयबाट मिति २०८२/०२/२७ गते श्री गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित जडिबुटी, कबाडी तथा जीवजन्तु कर संकलन सम्बन्धि ठेक्का आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता भएका बोलपत्र मध्ये मूल्यांकन समितिको निर्णय बमोजिम ती ठेक्काका लागि तपसिलका बोलपत्र स्वीकृत गरिएको हुदाँ सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (२) र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४(१०) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।कुनै दाबी विरोध भए सूचना प्रकाशित भएको ७ दिनभित्र निवेदन पेश गर्नुहुन समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

तपशिल

सि. न.	ठेक्का नं.	ठेक्काको विवरण	स्वीकृत भएको फर्म	कबोल अंक	कैफियत
1	PRM/001/2082/083	जडीवुटी, कबाडी र जीवजन्तु बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन सम्बन्धि	श्री एच एण्ड जे ट्रेडर्स, विरगंज म.न.पा- २१, पर्सा	७३,०४,५०५.३२/- (मु.अ.क.सहित)	

प्रमुख प्रशासकीय अधिकृत